अनुसुची-१५
(दफा २० को उपदफा (४) संग सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# ओभरसिज नेपलिज इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको नियमावली

## परिच्छेद-१
## प्रारम्भिक

१. कम्पनीको नाम : यस कम्पनीको नाम "ओभरसिज नेपलिज इन्भेष्टमेन्ट कम्पनी लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा **Overseas Nepalese Investment Company Ltd.** भनिनेछ ।

२. कम्पनी रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय जि.काठमाण्डौ, टोखा नगरपालिका वडा नं. १४ सामाखुशीमा रहनेछ । कार्यालयको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र शाखा कार्यालय खोल्न सक्नेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निमावलीमा,-

क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ लाइ सम्झनु पर्छ ।

ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ ।

ग) "कम्पनी" भन्नाले "ओभरसिज नेपलिज इन्भेष्टमेन्ट कम्पनी लिमिटेड" लाई सम्झनु पर्छ ।

घ) "पदाधिकारी" भन्नाले कम्पनीको संचलक, कार्यकारी प्रमुख, प्रवन्धक, कम्पनी सचिव वा विभागिय जिम्वेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा र विषेश साधारण सभालाइ सम्झनु पर्छ ।

४. कम्पनीका उद्देश्यहरु : कम्पनीको उद्देश्य प्रवन्ध पत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## पच्छिेद–२
## शेयर पुँजी तथा ऋण

५. शेयरको अंकित मुल्य : यस कम्पनीको शेयरको अंकित् मुल्य रु. १००।- (एक सय मात्र) हुनेछ ।

६. शेयरमा लियन रहने कुरा : शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रकम शेयर बापतको रकम वा कम्पनीलाई कानुन बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुको नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरधनीहरुको विशेष अधिकार र सुविधा भए सो कुरा उल्लेख गर्ने

१) साधारण शेयरहरु बाहेक अन्य विभिन्न वर्गका शेयरहरु सम्बन्धी व्यवस्था गरिएको छैन ।

२) कुनै पनि शेयरधनीले लिन कबुल गरेको शेयरमा मात्र हक लाग्नेछ अन्य शेयरको हकमा संचालक समितिको पुर्व स्वीकृति बिना शेयरमा हक लाग्ने छैन ।

८. नियम ७ बमोजिम जारी भएको शेयर खरीद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्वन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने हो सो कुरा :- जारी भएको साधारण शेयर खरीद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्वन्धित वर्गका शेयरधनीहरुको स्वीकृति लिनु पर्नेछ ।

९. अग्राधिकार शेयर सम्बन्धी व्यवस्था : हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन ।

१०. संस्थापकले लिनुपर्ने न्यूनतम शेयर संख्या :

१) यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा ३००० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था :

१) कम्पनीको आवश्यकतानुसार कम्पनीले शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा कम्पनी ऐन बमोजिम हुनेछ ।

१२. शेयर बिक्री वा धितो बन्धक सम्बन्धी व्यवस्था :

१) कम्पनीको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितो बन्धक राख्न सकिनेछ ।

२) शेयर बिक्री वा धितो बन्धक र दाखिल खारेज सम्वन्धि कम्पनी ऐन बमोजिम हुनेछ ।

१३. शेयरको प्रमाणपत्र :—कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा कम्पनी सचिव वा अध्यक्षले दस्तखत गरी कम्पनीको छाप लगाई जारी गरिनेछ ।

१४. शेयर पूँजी हेरफेर गर्ने कुरा : साधारण सभा गर्ने कम्पनी भएकोले साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट कम्पनी ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. आफ्नो शेयर आफैले खरिद गर्ने सम्वन्धी व्यवस्था :

१) कम्पनीले आफ्नो शेयर आफै खरिद गर्नु पर्ने अवस्था सृजना भएमा प्रचलित कानुन बमोजिम रित पुर्‍याई खरिद गरिनेछ ।

१६. ऋण वा डिबेञ्चर सम्वन्धी व्यवस्था :—

१) कम्पनीले ऋण वा डिबेञ्चर उठाउन सक्नेछ ।

२) शेयरधनीले लिन कबुल गरेको शेयर वापतको रकम पुर्ण रुपमा चुक्ता नभएसम्म कम्पनीले डिबेञ्चर उठाउन सक्ने छैन ।

३) कम्पनीले जारी गरेको डिवेन्चर शेयरमा परिणत हुन सक्नेछ ।
४) उपनियम (३) बमोजिम डिवेन्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्वन्धी कुनै शर्त पुरा गरी गर्नेछ ।
५) डिवेन्चर अन्य चल सम्पत्ती सरह धितो वन्धक राख्न सकिने छ ।
६) डिवेन्चर हस्तान्तरण र दाखिल खारेजको सम्बन्धमा कुनै शर्त बन्देज : संचालक समितिको पूर्व स्वीकृति लिई हस्तान्तरण र दाखिल खारेज गर्न सकिनेछ ।
७) ऋण वा डिबेन्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१७. शेयरधनी तथा डिवेन्चरवालाको दर्ता कितावको निरिक्षण :– शेयरधनी वा डिवेन्चरवालाले कम्पनीको शेयर वा डिवेन्चर दर्ता किताव निरिक्षण गर्न चाहेमा कम्पनीले निरिक्षण गर्न दिनु पर्नेछ । तर कम्पनीले आफ्नो सूचना पाटीमा ३० दिन अगावै सूचना टाँस गरी एक बर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता कितावको निरिक्षण बन्द गर्न सक्नेछ ।

## परिच्छेद–३

## साधारण सभा

१८. कम्पनीको साधारण सभा सम्वन्धी व्यवस्था :

१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :-
(क) वार्षिक साधारण सभा
(ख) विशेष साधारण सभा
२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी संस्थापन भएको मितिले १२ (बाह्र) महिना भित्रमा गरीनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र गरिने छ ।
३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नका लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको अध्यक्षले कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरवालालाई सूचना दिईनेछ,
४) सन्चलक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा वोलाउने छ ।
५) उपनियम (४) बमोजिम बोलाइएको साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले संचालक समितिको बैठक बस्न नसकेमा संचालक समितिको कुल संचालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत संचालक उपस्थिती भई सोही कारण खुलाई साधारण सभा बालाउने निर्णय गर्न सक्नेछ । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सुचना दिनु पर्नेछ । यसरी बस्ने संचालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थिती भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुमध्येबाट छानिएको संचालकले संचालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।
६) उपनियम (३) र (५) वमोजिम बोलाईएको साधारण सभामा नियम २३ बमोजिमको गुण पुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा १५ दिनको म्याद दिई पुनः साधारण सभा वोलाईने छ । यस्तो सुचना कम्तीमा १५ दिन अगाडि कुनै राष्ट्रिय स्तरको दैनिक प्रत्रिकामा प्रकाशन गरेमा रीत पुर्वकको सुचना दिएको मानिनेछ ।

७) कम्पनीको साधारण सभा गर्नु पर्ने स्थानका सम्बन्धमा कुनै बन्देज भए सो कुरा खुलाउने : कम्पनीको रजिष्टर्ड कार्यालय वा नेपाल अधिराज्यभर कुनै पनि स्थानमा साधारण सभा गर्न सकिने छ । ६५ प्रतिशत शेयरवालाको मन्जुरी भएमा कम्पनीको साधारण सभा नेपाल अधिराज्य बाहिर पनि बस्न सक्नेछ ।

१९. साधारण सभाको कार्यविधि :

१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकले आफूमध्येबाट छानिएका संचालकले सभाको अध्यक्षता गर्नेछ तर साधारण सभामा कुनै पनि संचालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

३) सभाको काम कारवाही प्रारभ हुनु अघि सभाको वैधता बारे छलफल गरी पुगे वा नपुगेको एकिन गर्नु पर्नेछ र गुणपारक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले विविधता संचालन गर्नु पर्नेछ ।

४) साधारण सभा छलफल गरीने प्रत्येक विषय (एजेन्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछन र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा वाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरीनेछैन् ।

५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ, तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पथमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिनेछ ।

७) कुल शेयर पूँजीको ७५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृती दिएकोमा बाहेक सभाको सुचनामा उल्लेख नगरिएको अन्य विषय (एजेण्डा) मा छलफल र निर्णय गरिने छैन ।

८) कुनै विषयमा शेयरधनीहरुको मत संकलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत संकलन गरिनेछ ।

९) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको सभामा कुनै प्रस्ताव पास गर्न सकिने भए : सो विषय सम्वन्धि हाल व्यवस्था गरिएको छैन् ।

१०) संचार सम्पर्कको माध्यमबाट साधारण सभामा भाग लिन पाउने विषयमा कनै थप व्यवस्था गर्ने भए :कुनै सदस्यले सभाको सूचना पाइ आफू स शरिर सभामा उपस्थित हुन असमर्थ भएको तर इमेल, इन्टरनेटको माध्यमबाट वा प्रत्यक्ष टेलिफोन सम्पर्कमा रही सभाको छलफलमा भाग लिइ आफ्नो राय वा धारण राख्न चाहेमा सो सम्बन्धी व्यवस्था गरिनेछ र त्यस्तो सहभागितालाइ वैद्यता दिइने छ ।

२०. साधारण सभामा पेश गर्ने अन्य विषय : साधारण सभामा अन्य कुनै विषय पेश गर्नु पर्ने भएमा कम्पनी ऐन, २०६३ र नियमावलीमा व्यवस्था गरिए अनुसार गरिनेछ ।

२१. विशेष प्रस्ताव : कम्पनी ऐन, २०६३ को दफा ८३ मा उल्लेख भएका बिषयमा कम्पनीको साधारण वा विशेष साधारण सभामा निर्णय लिनको लागि बिशेष प्रस्ताव पेश गर्नु पर्नेछ ।

२२. विशेष साधारण सभा : ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ । कम्पनी ऐन, २०६३ को अधिनमा रही सुचना जारी गर्नु पर्नेछ वा ५५ प्रतिशत शेयरवालाहरुको उपस्थिति र मन्जुरी हुन्छ भने बिशेष साधारण सभा जहिले पनि बस्न सक्नेछ ।

२३. गणपूरक संख्या :- १) बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा ६५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा ३५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ९ जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न वाधा पर्ने छैन ।

२४. प्रोक्सी मत सम्बन्धी व्यवस्था :

१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छ ।

२) कुनै शेयरधनीले प्रतिनिधी नियुक्त गरी आफू स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिने छ ।

३) प्रतिनिधि मार्फत मतदान गर्न पाउनेछ ।

४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम हद संचालक शेयरधनी सरह हुनेछ ।

५) कुनै संचालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको भएमा आफुलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाईदाको कुनै विषयमा त्यस्तो संचालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदमन गर्न पाउने छैन ।

२५. मतदान : १) ऐन वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई नीजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

२) फरक मताधिकार भएका शेयरहरु जारी गरीएका छैन ।

३) साधारण सभामा आवश्यकता भएमा मताधिकार हुनेछ ।

४) संचालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने छैन ।

५) संचालक निर्वाचन मतदानबाट बहुमतको आधारमा गरिनेछ ।

६) कुनै संचालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्ती गरेको भएमा आफुलाई नियुक्त गर्ने विषय वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो संचालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२६. साधारण सभाको निर्णय विवरणको अभिलेख :

१) ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारवाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिने छ । यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी अध्यक्ष तथा सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष वा सभाले नियुक्त गरेको एक जना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्ने छ ।

२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्ने छ । त्यस्तो विवरण कुनै शेयरधानीले कार्यालय समयमा निरिक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरिक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद–४
## सञ्चालक समिति

२७. सञ्चालकको समितिको गठन, संख्या र कार्यकाल :

१) यस कम्पनीमा एक संचालक समिति रहने छ ।

क) यस कम्पनीमा हाल ९ जनाको संचालक समिति हुनेछ । ख) सञ्चालकहरुको कार्यकाल २ वर्षको हुनेछ ।

२) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रकृयाबाट पहिले सञ्चालक नियुक्त भएको थियो सोही प्रक्रियाबाट गरिनेछ, कुनै सञ्चालकको कार्यकाल पुरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ । तर वार्षिक साधारण सभाद्धारा नियुक्त गरिएको संचालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि संचालक समितिले संचालक नियुक्त गर्नेछ ।

३) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको वैकल्पिक संचालक पनि नियुक्त गर्न सक्नेछ ।

४) संचालकको निर्वाचनको लागि संचालक समितिले निर्वचन निर्देशिका बनाउन सक्नेछ ।

५) यस कम्पनीको वार्षिक साधारण सभा नभएसम्म निम्न संस्थापक शेयरधनीहरु प्रथम सञ्चालकको रुपमा रहनु हुनेछ ।

| | | |
|---|---|---|
| (१) श्री लाल प्रसाद साँवा लिम्बु | (२) श्री लिलानाथ कंडेल | (३) श्री कलाधर कंडेल |
| (४) श्री रामशरण नेपाल | (५) श्री भिम नारायण श्रेष्ठ | ६) श्री टक बहादुर गुरुङ |
| (७) श्री नारायण प्रसाद अधिकारी | (८) श्री भक्तबहादुर तामाङ | (९) श्री राजेन्द्र योन्जन |
| (१०) श्री हेमलाल गौतम | (११) श्री युवराज भुषाल | (१२) श्री भरथ गिरी |
| (१३) श्री लेखनाथ पाण्डे | (१४) श्री तिर्थराज भट्टराई | (१५) श्री राम कुमार ढुंगेल |
| (१६)श्री लक्ष्मण अधिकारी | (१७) श्री पुरुषोत्तम सापकोटा | (१८) श्री कृष्ण प्रसाद आचार्य |
| (१९) श्री बीर बहादुर तमाङ | (२०) श्री श्यामराज पाठक | (२१) श्री भेषराज ढकाल |
| (२२) श्री जगदीश उप्रेती | (२३) श्री दुर्गालाल शर्मा | (२४) श्री बिरेन्द्र कुमार नकर्मी |
| (२५) श्री इन्द्र बहादुर घिमिरे | (२६) श्री लेख नाथ न्यौपाने | (२७) श्री नवराज वस्नेत |
| (२८) श्री नेत्र प्रसाद शर्मा | (२९) श्री गोबिन्द प्रसाद दाहाल | (३०) श्री प्रवीण पोखेल |
| (३१) श्री कृष्ण प्रसाद पौडेल | (३२) श्री भिम बहादुर गुरुङ्ग | |

२८. सञ्चालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या : (१) यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा ३००० (तिन हजार) कित्ता शेयर लिएको हुनु पर्नेछ ।

तर स्वतन्त्र सञ्चालक, पब्लिक शेयरधनीको तर्फबाट नियूक्त हुने संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२९. शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या कार्यकाल, योग्यता तथा नियुक्ति प्रकृया सम्वन्धी व्यवस्था : हाल यस किसिमको संचालकको व्यवस्था गरिएको छैन । पछि स्वतन्त्र र व्यवसायिक व्यक्तिलाइ संचालकमा नियूक्त गर्ने सम्बन्धमा व्यवस्था गर्नु पर्ने भएमा निम्न बमोजिम हुने गरी व्यवस्था गरिने छ ।

१. स्वतन्त्र र व्यवसायिक संचालकको योग्यता प्रचलित कानुन बमोजिम संचालक समितिले तोके बमोजिम हुनेछ ।
२. स्वतन्त्र र व्यवसायिक संचालकको नियुक्तीको लागि संचालक समितिले योग्य व्यक्तीहरुको नाम चयन गरी नियुक्तीको लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना स्वतन्त्र संचालक नियुक्ती हुने हो सो संख्याको कम्तीमा तीन गुणा बढी योग्य व्यक्तिहरुको नाम स्वतन्त्र संचालकको नियुक्तीको लागि साधारण सभामा प्रस्तुत गर्न पर्नेछ ।
३. उपनियम २ बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तवमा उल्लेख गरिएको व्यक्तीहरु मध्येबाट स्वतन्त्र र व्यवसायिक संचालकको नियुक्त गरिने छ ।
४. स्वतन्त्र र व्यवसायिक संचाकको काम, कर्तव्य जवाफ देहीता तथा सुविधा प्रचलित कानुन तथा साधारण सभाले तोके बमोजिम हुनेछ ।

३०. सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने : एक कार्यकाय संचालक भैसकेको व्यक्ति पुन संचालकमा नियुक्ती हुने सक्नेछ ।

३१. सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा : यस कम्पनीमा संस्थापक शेयरधनी समुहबाट ७ जना, सर्वसाधारण समुहबाट १ जना र स्वतन्त्र व्यवसायीक समुहबाट १ जनाले संचालक समितिमा प्रतिनिधित्व गर्नेछन ।

३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्वन्धी व्यावस्था : १) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।

२) उपनियम (१) मा जुनसुकै व्यवस्था लेखिएका भएता पनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारीश्रमिक बैठक भत्ता दैनिक भत्ता तथा अन्य सुविधा संचालक समिति आफैले तोक्न सक्नेछ तर यसरी एक पटक तोकिएको पारीश्रमिक भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिनेछैन ।

३३. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :
१) कम्पनी ऐन, २०६३ र साधारण सभाले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

३४.. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था : १) संचालक समितिले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।
२) अधिकार प्रत्योयजन एउटा संचालकले अर्को संचालकलाई गर्न सक्नेछ कम्पनी संचालन सम्बन्धि सम्पुर्ण बिषयमा अधिकार प्रत्योयजन गर्न सक्नेछ ।

३५. प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्था :

१) कम्पनीको काम व्यवस्थित रुपले सञ्चालन गर्न सञ्चालकहरु मध्येबाट एक जना प्रवन्ध सञ्चालक सञ्चालक समितिबाट नियुक्त गरिनेछ ।

२) प्रवन्ध संचालकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु संचालब समितिले निर्णय गरी सम्झौताद्वारा निश्चित गरिनेछ ।

३६. प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था : कम्पनीको दैनिक प्रशासनिक कार्यको लागि एकजना प्रमुख कार्यकारी अधिकृत नियूक्त गर्न सकिने छ ।

३७. सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउनेः यस कम्पनीको सञ्चालक समितिको बैठक सञ्चालक समितिका अध्यक्ष वा कम्पनी सचिवले बोलाउने छन ।

३८. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि :

१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको अधिकारीले बोलाउने छ । त्यसरी बैठक नबोलाएमा कूल संचालक संख्याको पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो अधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चिस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको वैठक बोलाउन सक्नेछन । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ । कार्यालयमा सञ्चालक समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ ।

२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतिय सञ्चार माध्ययमबाट दिन सकिनेछ ।

३) सञ्चालकहरु सञ्चालक समितिको बैठकमा स्वयं उपस्थित हुनु पर्नेछ ।

तर, वैकल्पिक संचालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक संचालक उपस्थित हुन सक्नेछ ।

४) सञ्चालकहरुको संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन ।

तर गणपुरक संख्या नपूगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिने छ । त्यस्तो बैठकमा पनि गुणपुरक संख्या नपुगेमा उपस्थित संचालकहरुले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ ।

५) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितीमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर सञ्चालक समितिको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको बिषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउने छ ।

८) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३९. सञ्चालक समितिको निर्णयको अभिलेख :

१) सञ्चालक समितिको बैठकमा छलफल भएको बिषय र सो सम्वन्धमा भएको निर्णयको विवरण (माईन्युट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत संचालकले सही गर्नु पर्नेछ । तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

२) बिद्युतिय सञ्चार माध्यम वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतिय सञ्चार माध्ययम वा कम्प्युटरको माध्यमवाट पनि निर्णयको विवरण राख्न सकिने छ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने प्रयाप्त व्यवस्था गर्नुपर्ने छ ।

३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समय भित्र निरिक्षण गर्न सक्नेछ ।

## परिच्छेद–५
## हिसाब किताब, लेखा तथा लेखापरिक्षण

४०. कम्पनीको हिसाब किताब, लेखा र लेखापरीक्षण : (१) यस कम्पनीको लेखा तथा हिसाब किताब प्रचलित कानुन अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

२) कम्पनीले राख्नुपर्ने हिसाव किताबमा प्रतिदिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको कारोवार भएको आर्थिक वर्षमा कम्पनीले आफ्नो हिसाव किताव लेखापरीक्षण गराउनेछ ।

४) उपनियम (३) बमोजिम हिसाव किताव लेखापरिक्षण गराउनु पर्ने भएमा सो प्रयोजनका लागि बार्षिक साधारण सभा हुने भए सोही सभा र त्यस्तो साधारण सभा नहुने भए सञ्चालक समितिले वा सर्वसम्मत सम्झौतामा गरिएको व्यवरुथा अनुसार ऐन वमोजिम लेखापरिक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिन भित्र निजको नाम कार्यालयमा जानकारी दिइने छ ।

तर प्रथम साधारण सभा हुनुभन्दा अघि संचालक समितिले लेखापरिक्षक नियुक्त गर्नेछ ।

५) उपनियम (४) बमोजिम नियुक्त लेखापरिक्षकले आफूले लेखापरिक्षण गरेको हिसाब किताब र लेखावाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिबेदनको प्रतिलिपी प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनुपर्नेछ ।

६) कम्पनीको अद्यावधिक हिसाब किताब कुनै शेयरधनीले निरिक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथासिघ्र निरिक्षण गर्न दिनु पर्नेछ ।

४१. लेखापरिक्षण समिति सम्वन्धी व्यवस्था : कम्पनीले ऐन कानूनमा निदृष्ट प्रकृया पूरा गर्नको लागि आवश्यकता बमोजिम लेखापरिक्षक समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद–६
## विविध

४२. लाभांश सम्बन्धी व्यवस्था :

१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिन भित्र लाभांश वितरण गर्नु पर्नेछ ।

२) उपनियम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी रकम भुक्तानी गर्नु पर्नेछ ।

३) साधारण सभाको निर्णय बमोजिम अन्तरिम लाभांश वितरण गरिनेछ । त्यस्तो लाभांशको कति प्रतिशत सम्म दिने हो सो कुरा साधारण सभाले निर्णय गरे बमोजिम हुनेछ ।

४) अन्तरिम लाभांश वितरण गर्दा कम्पनी ऐन, २०६३ को दफा १८२ को अधिनमा रही गर्नु पर्नेछ ।

५) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयर धनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ ।

४३. शेयरधनी डिवेञ्चरवाला संचालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्रप्त हुने सूचना : कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, संचालक र पदाधिकारीलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले संचालक वा पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतिय वा अन्य कुनै माध्यमवाट दिन वा प्राप्त गर्न सक्ने छ ।

४४. कम्पनी सचिव सम्बन्धी व्यवस्था :
कम्पनी सचिवको नियुक्ति हुने कम्पनी भए सो सम्वन्धि व्यवस्था, निजको पदावधि सेवा शर्त र निजको काम, कर्तव्य र अधिकार : यस कम्पनीमा एक जना कम्पनी सचिवको व्यवस्था गरिनेछ । निजको योग्यता कम्पनी ऐनले निर्दिष्ट गरेबमोजिम हुनेछ भने सेवा सुविधा र शर्तहरु कम्पनीको संचाालक समितिले निर्णय गरी तयार हुने दुई पक्षिय सम्झौतामा उल्लेख भए बमोजिम हुने छ ।

४५. कम्पनीको छाप सम्बन्धी व्यवस्था :

१) कम्पनीले आफ्नो दैनिक प्रशासनिक कार्यको लागि एउटा छुट्टै छापको प्रयोग गर्नेछ र छाप कम्पनीको संचालक समितिको अध्यक्षको जिम्मामा रहनेछ ।

२) अनाधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

४६. प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था :

१) कम्पनीको प्रवन्धपत्र, नियमावली, बार्षिक हिसाव, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरवालाको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीले कार्यालयमा पेश गरेको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा रु. १०।- (दश मात्र) दस्तुर लिई प्रतिलिपि दिनुपर्नेछ ।

२) साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. ५० (पचास) दस्तुर लाग्ने छ ।

३) संचालक समितिक रहने कम्पनी भएकोले संचालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु ५० /- लाग्नेछ ।

४) शेयर प्रमाण पत्रको प्रतिलिपि प्राप्त गर्न रु. ५०।- (पचास मात्र) दस्तुर लाग्नेछ ।

५) शेयरधनी वा डिवेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. ५०(पचास) दस्तुर लाग्नेछ ।

४७. कम्पनी गाभिने कुरा :

१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा यस कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनी ऐन, २०६३ को दफा १७७ बमोजिमको प्रक्रिया पूरा गरी अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कुनै कम्पनी अर्को कम्पनीमा गाभिंदा शेयरको हेरफेर, हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको विक्रिमा सहमति सम्पुर्ण शेयरधनीको पूर्ण सहमति हुनुपर्नेछ ।

४८. कम्पनीको खारेजी : (१) प्रचलित कानुनको अधिनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् ।

४९. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा : कुनै खास व्यवसाय गर्ने कम्पनीको निमावलीमा खुलाउनु पर्ने भनी प्रचालित कानुनको कुनै व्यवस्था गरिएको अवस्थामा भए त्यस्तो कुरा उल्लेख गर्न सक्नेछ ।

५०. अन्य आवश्यक कुराहरु :

१) कम्पनीको आर्थिक वर्ष श्रावण १ बर्ष देखि आषाढ मसान्तसम्म हुनेछ ।

२) यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहनेछ ।

३) कम्पनीले आफूलाइ आवश्यक प्रर्ने शेयर रकम संकलनको लागि विभिन्न स्थानमा फरक फरक व्यक्तिलाइ संयोजक तोकि शेयर विक्री गर्न सक्नेछ । कम्पनीमा शेयर रकम प्राप्त नभएसम्म शेयर हक कायम गरिने छैन । फरक फरक समूह गठन गरी स्वदेश तथा विदेशमा रहने नेपालीहरुबाट समेत कानून बमोजिम प्रकृया पूरा गरी शेयर रकम संकलन गर्न सकिने छ ।

५१. नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था : यस नियमावलीमा कुनै शंसोधन गर्नु पर्ने भएमा साधारण सभा वा बिशेष साधारण सभाले बिशेष वा सामान्य प्रस्ताव पारित गरी त्यस्तो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र निमावली शंसोधन भएको मानिनेछ ।

५२. नियमावली बाझिएको हदसम्म अमान्य हुने : यस निमावलीमा लेखिएको कुरा ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कुरा स्वतः वदर हुनेछ ।

५३. संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : हामी " ओभरसिज नेपलिज इन्भेष्टमेन्ट कम्पनी लिमिटेड" का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानुन वमोजिम सञ्चालन गर्न मञ्जुर छौं । यस नियमावलीमा लेखिएको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर संख्या र साक्षी सम्बन्धी व्यहोरा ठिक साँचो छ । यस दफानुसार हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा कम्पनी दर्ता भएपछि श्रृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मञ्जुरी छ । यस नियमावलीमा लेखिएका कुराहरु साँचो हो, झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनी देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहवरमा यस नियमावलीमा सहिछाप गरेका छौं ।

| संस्थापकको नामथर, ठेगाना र सहीछाप | बाबुको नाम | नागरिकता प्रमाणपत्र नं. र प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम,थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकता नं. र प्राप्त गरेको जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखत:<br>१. नाम: लाल प्रसाद साँवा लिम्बु<br>ठेगाना: सतासीधाम गा.बि.स. ७, झापा<br>।<br>बा वा | बुद्धिमान साँवा लिम्बु | ८५२४११९५४/ १२५०७/४९६९ /२६८६<br>३०८००<br>झापा | १५००० कित्ता | दस्तखत:<br>नाम:<br>ठेगाना:<br>दा. बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| हस्ताक्षरः<br>२. नामः लिलानाथ कंडेल<br>ठेगानाः कुमरोज न.पा.<br>वडा न. ८<br>चितवन<br>दा बा. | खडानन्द कंडेल | २०५७<br>चितवन | १५००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>३.नाम : कलाधर कंडेल<br>ठेगाना : बहि गा.वि.स.<br>वडा नं. २ बग्लुङ्ग<br>दा. बा. | बाल कृष्ण कंडेल | १६५८<br>बाग्लुङ्ग | १५,००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>४.नामः राम शरण नेपाल<br>ठेगाना : तुम्चे गा.वि.स.<br>वडा नं. २ नुवाकोट<br>दा. बा. | ठाकुर प्रसाद नेपाल | ५१९८२<br>नुवाकोट | १५,००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>५.नामः भिम नारायण श्रेष्ठ<br>ठेगाना : भानुमति<br>गा.वि.स. वडा नं. ७ तनहुँ<br>दा बा. | रुद्र मान श्रेष्ठ | २९३ तनहुँ | १५,००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>६.नामः टक बहादुर गुरुङ<br>ठेगाना : आबुखैरेनी वडा नं. ८ तनहुँ<br>दा. बा. | खमान सिं गुरुङ | ४७८९<br>तनहुँ | ९,००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| हस्ताक्षर<br>७.नामः नारायण प्रसाद अधिकारी<br>ठेगाना : सिद्धारा गा.वि.स.वडा नं ७, अर्घाखाची<br>दा. बा. | हिमलाल अधिकारी | २७१२<br>अर्घाखाची | ९,००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर :-<br>८.नामः भक्तबहादुर तामाङ<br>ठेगाना : देउराली ९ भोजपुर<br>दा बा | बलबहादुर तामाङ | ५८१९/४४६६/३५८<br>भोजपुर | १२००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>९.नामः राजेन्द्र योन्जन<br>ठेगाना : सरीखेत गा.वि.स. वडा नं. ४ मकवानपुर<br>दा बा | इन्द्र बहादुर योन्जन | ३४/४२७<br>मकवानपुर | ९००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>१०.नामः हिमलाल गौतम<br>ठेगाना : वलेटक्सार गा.वि.स. वडा नं. २ गुल्मी<br>दा. बा. | शोभाखर गौतम | १७२२<br>गुल्मी | १२००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| हस्ताक्षर<br>११.नामः युवराज भुषाल<br>ठेगाना : पिडि खोला ५<br>स्यांजा<br>दा. बा. | लक्ष्मी पति भुषाल | ४९१९३<br>स्यांग्जा | १२००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>१२.नामः भरथ गिरी<br>ठेगाना : बागेश्वरी गा.वि.स.वडा नं. ३<br>भक्तपुर<br>दा. बा. | मान बहादुर गिरी | ७०८१<br>भक्तपुर | १५००० कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>१३.नाम : लेखनाथ पाण्डे<br>ठेगाना : सुनवल न.पा.<br>वडा नं. ७ नवलपरासी<br>दा. बा. | पृथ्वी लाल पाण्डे भन्ने तुना नाथ क्षेत्री | ५०७३६<br>नवलपरासी | ६,०००<br>कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>१४ नाम : तिर्थराज भट्टराई<br>ठेगानाः धनगढी प.म.न.पा.वडा नं. १२,<br>कैलाली<br>दा. बा. | भिम प्रसाद भट्टराई | ६२६८<br>कैलाली | ३,०००<br>कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>१५ नाम : राम कुमार ढुंगेल<br>ठेगाना : गोठाटार ३ काठमाण्डौ<br>दा. बा. | चन्द्र कान्ता ढुङ्गेल | ५८८७<br>काठमाण्डौ | ३,०००<br>कित्ता | दस्तखतः<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| हस्ताक्षर<br>१६ नाम : लक्ष्मण अधिकारी<br>ठेगाना : जामुने भञ्ज्याङ्ग<br>गा.वि.स. वडा नं. ४ तनहुँ<br>दा. बा. | हरी बहादुर अधिकारी | ५८२७<br>नुवाकोट | ३,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>१७ नाम : पुरुषोत्तम सापकोटा<br>ठेगाना : शुक्रनगर - ७, चितवन<br>दा. बा. | कुश्माखर सापकोटा | ०६२/१६३८<br>चितवन | ३,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>१८ नाम : कृष्ण प्रसाद आचार्य<br>ठेगाना : रिङ्नेरह गा.वि.स.<br>वडा. नं. २, पाल्पा<br>दा बा. | डिल्ली प्रसाद आचार्य | १३७९९<br>पाल्पा | ३,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>१९. नाम : बीर बहादुर तमाङ<br>ठेगाना : शारदानगर गा.वि.स. वडा नं. ९ चितवन<br>दा बा. | बलराम तमाङ | १५९८/१०३<br>चितवन | ३,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |

|  |  |  |  |  |  |
|---|---|---|---|---|---|
| हस्ताक्षर<br>२० नाम : श्यामराज पाठक<br>ठेगाना: चतुराले गा.वि.स.वडा नं.८, नुवाकोट<br>दा. बा. | राम प्रसाद पाठक | ३३५९<br>नुवाकोट | ३,०००<br>कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. |  |
| हस्ताक्षर<br>२१ नाम : भेषराज ढकाल<br>ठेगाना : भानुमति १, तनहुँ<br>दा. बा. | दिननाथ ढकाल | ४१९६६<br>तनहुँ | ६,०००<br>कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. |  |
| हस्ताक्षर<br>२२ नाम : जगदीश उप्रेती<br>ठेगाना : नौबिसे गा.वि.स. वडा नं. १, धादिङ्ग<br>दा. बा. | केशव प्रसाद उप्रेती | ३०२०५<br>धादिङ | १५,०००<br>कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. |  |
| हस्ताक्षर<br>२३ नाम :दुर्गालाल शर्मा<br>ठेगाना : सौफर्साटिकट गा.वि.स. वडा नं. ३, रुपन्देहि<br>दा. बा. | कमलापति भुसाल | ८४८/७३२०१<br>रुपन्देही | ३,०००<br>कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. |  |
| हस्ताक्षर<br>२४ नाम :बिरेन्द्र कुमार नकर्मी<br>ठेगाना : किर्तिपुर ५ काठमाण्डौ<br>दा. बा. | बेखा नारायण नकर्मी | ८२५०<br>काठमाण्डौ | ९,०००<br>कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. |  |

| | | | | | |
|---|---|---|---|---|---|
| हस्ताक्षर<br>२५ नाम इन्द्र बहादुर घिमिरे<br>ठेगाना: चन्द्रनगर ५, चितवन<br>दा. बा. | गंगा प्रसाद घिमिरे | ४१५८<br>चितवन | ३,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>२६ नाम : लेखनाथ न्यौपाने<br>ठेगाना: कृष्ण गण्डकी ४, स्यांग्जा<br>दा. बा. | दोर्ण राज न्यौपाने | २५५७४<br>स्यांग्जा | ६,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>२७ नाम : नवराज वस्नेत<br>ठेगाना: लोच गा.वि.स. ३, दोलखा<br>दा. बा. | तेज वहादुर वस्नेत | ३३०५<br>दोलखा | ३,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>२८ नाम नेत्र प्रसाद शर्मा<br>ठेगाना: तमनगर गा.वि.स. ३, रुपन्देही<br>दा. बा. | खगेन्द्र प्रसाद शर्मा | ८३६६<br>रुपन्देही | १२,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>२९ नाम : गोबिन्द प्रसाद दाहाल<br>ठेगाना:<br>दा. बा. | पदम प्रसाद शर्मा | ३५३१२<br>विराटनगर | ६,००० कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| हस्ताक्षर<br>३० नाम प्रवीण पोखेल<br>ठेगाना: धनकुटा ७,<br>दा. बा. | राज मणि पोखेल | १६०५<br>धनकुटा | ३,०००<br>कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>३१ नाम : कृष्ण प्रसाद पौडेल<br>ठेगाना: पथरी ७, मोरङ्ग<br>दा. बा. | गंगाधर पैडेल | ३१६२<br>मोरङ्ग | ३,०००<br>कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |
| हस्ताक्षर<br>३२ नाम : भिम बहादुर गुरुङ्ग<br>ठेगाना: प्यारजुङ्ग, ७, लम्जुङ्ग<br>दा. बा. | निर बहादुर गुरुङ्ग | २०७२३<br>लम्जुङ्ग | ३,०००<br>कित्ता | दस्तखत:<br>नाम,थर :<br>जिल्ला :<br>दा. बा. | |

यो कम्पनीको नियमावली मैंले मस्योदा गरेको ठीक हो भनी सही छाप गर्ने,
मस्यौदाकारको नाम : भरत कुमार लकाइ
प्र.प.नं. ७२३३

फोन : ४७८५२८०
हस्ताक्षर :

इति सम्वत २०७३ साल साउन महिना १२ गते रोज ४ शुभम्........................................।